# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडावाज, दैलेख
(सूचना प्रविधि शाखा)
कर्णाली प्रदेश,नेपाल


प.सं.२०७८/०७९
च.नं.

## निर्माण कार्य खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१३ गते)

यस कार्यालय अन्तरगत निम्न निर्माण कार्य सिलबन्दी बोलपत्र को माध्यम बाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तको अधिनमा रहि इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरू वाट रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र दाताले अध्यावधिक नविकरण गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृध्दि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ.व. २०७७/०७८ को कर/आय विवरण पेश गरेको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु तथा निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर बापतको रकम यस कार्यालयको एन.सी.सी. बैंक महबु शाखामा रहेको संचित खाता न. १५२००००२५९०१ जम्मा गरेको सक्कल भौचर/रसिद (फिर्ता नहुने) बुझाई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्र दाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नु पर्नेछ ।

३. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको एन.सी.सी. बैंक गैडावाज दैलेखमा रहेको धरौटी खाता न. १५२००००००४०१ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ र बैंक जमानीपत्रको उल्लेखित म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी लागु हुनुपर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्र दाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

५. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. अन्य कार्य विधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

९. अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | ल.ई. रकम (मु.अ. कर वाहेक) | फारम दस्तुर रु. | जमानत रकम कबोल अंकको |
|---|---|---|---|---|
| MRM/NCB/05/2078-079 | Bansi Health Post Building Construction Work | २६,५८,८३९.०३ | ३,००० (बोलपत्र) | ७०,०००.०० |

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकिय अधिकृत